# जनप्रियका छात्रालाई तालिम

आदर्श समाज

पोखरा, २६ जेठ

जनप्रिय बहुमुखी क्याम्पसको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा छात्राहरूको क्षमता अभिवृद्धिका लागि उद्यमशील सहयोगी तालिम सुरु भएको छ ।

क्याम्पस सञ्चालक समिति अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले तालिमको उद्घाटन गर्दै छात्राहरूले सिप र उद्यमशील तालिमपछि पढ्दै कमाउँदै गर्न सके विदेशको सपना देख्नु नपर्ने बताए । उनले महिलाहरूको क्षमता अभिवृद्धिका लागि सिप र उद्यम आत्मनिर्भर एवम् स्वरोजगारको शक्तिशाली हतियार भएको हुँदा तालिमले अब्बल बनाउन बताए ।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले स्वागत गर्दै क्याम्पसको मुख्य मर्म नै 'सिप, प्रविधि र उद्यमशीलता : शिक्षामा जनप्रियको गतिशीलता भएको हुँदा प्रशिक्षार्थी छात्रालाई उद्यमशील कर्ममा लाग्न सुझाए । बरालले उद्यम र प्रविधिलाई आत्मसात गरेर स्वरोजगार बन्न सकिने साथै अरूलाई पनि जागिर दिन सकिने जनाए ।

विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक एवं प्रमुख सहजकर्ता सविता श्रेष्ठ रञ्जितले आफ्नै जीवनको उदाहरण प्रस्तुत गर्दै छात्राहरूका लागि उद्यमशील तालिमले शिक्षा र आत्मनिर्भरता दुबै क्षेत्रमा परिवर्तन ल्याउने विश्वास दिलाइन् । उनले आफ्नो अनुभव सुनाउँदै भनिन् 'अर्थशास्त्रमा डिग्रीको पढाइ पूरा गरेँ, सरकारी जागिर त्यागेर सियो धागो समाएँ, उद्यम सुरु गरेको १५ वर्षको अवधिमा ५ हजारभन्दा बढी महिलालाई सिप हस्तान्तरण गर्न पाउँदा नै आफूलाई सन्तुष्ट मिलेको छ ।'

सहायक क्याम्पस प्रमुख नवीनराज खनालले उद्यमशील तालिमले छात्राहरूमा उद्यमशील सोच, स्वरोजगार र व्यावसायिक कौशल विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको उल्लेख गरे । कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले स्नातक तहका छात्राहरूका लागि तालिमले व्यावसायिक क्षमताको विकासमा सघाउने हुँदा प्रशिक्षार्थीहरूको दक्षता हासिल गर्ने मार्ग खुल्ने शुभकामना दिइन ।

३ दिनसम्म चल्ने तालिममा विविएस, विआइएम र विएमटिमका ३० जना छात्राहरूको सहभागित छ ।

सहजकर्ता अनुपमा तिवारीले तालिमपछि इच्छुक प्रशिक्षार्थीलाई सिप सिक्न र उद्यम व्यवसाय गर्नका लागि विधाता हस्ताकलाले थप सहजीकरण गर्ने भएको जानकारी उपप्रशासक एकनारायण अर्यालले दिए ।

# परियार सेवा समाजको स्थापना दिवस



**पोखरा, २६ जेठ (आदर्श समाज)-** परियार सेवा समाजले ३० औं स्थापना दिवस शुभकामना आदानप्रदान कार्यक्रम गरी मनाएको छ । समाजका अध्यक्ष दुर्गा परियारको अध्यक्षतामा भएको सो कार्यक्रमका प्रमुख अतिथि परियार सेवा समाज केन्द्रीय समिति सहअध्यक्ष प्रेमदेवी परियारको प्रमुख आतिथ्य थियो । प्रमुख अतितिले समाजको खातिर कास्कीको कदम सह्रानीय रहेको बताइन् । उनले आजको बिषम परिस्थितिमा सिंगो परियार गोलबन्द भै थप सशक्त हुन आजको आवश्यकतालाई बेलैमा सचेत भै अगाडि बढ्न शुभकामना दिइन् । संविधान सभा सदस्य कृष्ण परियारले समाजले अंगिकार गरेको कास्कीको यो समितिलाई बधाई तथा शुभकामना दिँदै अगामी दिनमा थप रचनात्मक कार्यहरु गर्दै जाने विश्वास राखिन् । समाजका अध्यक्ष दुर्गा परियारले समाजका संस्थापक अध्यक्ष स्व.गणेश परियारलगायत सम्मरबहादुर परियार, नरबहादुर परियार, पदमकुमारी परियार, भक्तबहादुर परियार, तरक परियार आदिले समाजको निम्ति दिएको समय, त्याग, समर्पणको स्मरण गरे । कार्यक्रममा समाजका केन्द्रीय उपाध्यक्ष जुमबहादुर परियार, केन्द्रीय सदस्य प्रेमबहादुर परियार, प्रदेश अध्यक्ष किसन परियार, केन्द्रीय एवं जिल्ला सल्लाहकार नरेन्द्र मित्रकोटी, संस्थापक सदस्य तिलक परियार, जिल्ला सललाहकार तर्फबाट बद्री परियार, इकाइतर्फबाट शनिश्वरी माई गुठी समितिका अध्यक्ष विजय वागदास लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रम संचालन सचिव अमर परियार र स्वागत उपाध्यक्ष सुरेन्द्र परियारले गरेका थिए ।

# बगाले थापा क्षत्रीको कुलपूजा

**पोखरा, २६ जेठ (आदर्श समाज)-** बगाले थापा क्षत्रीको कुलदेवता पूजा हुने भएको छ । प्रत्येक ५ वर्षमा हुँदै आएको पूजा यसपालि यही २८ जेठमा हेमजाको याम्दीमा हुँदैछ ।

हिन्दु संस्कारअनुसार पूजा कार्यविधिको पालाना गर्दै सभ्य र भव्यरुपमा कुलपूजा हुने बगाले थापा क्षत्री कुलपूजा सेवा कार्यसमिति अध्यक्ष नरेशराज थापाले बताए । उनले कास्कीमा बगाले थापाको कुल मन्दिर ७ ठाउँमा भएकोमा सबैभन्दा पहिलाको कुल मन्दिर याम्दीमा रहेको र पछि सबैले विभिन्न ठाउँमा निर्माण गरेको बताउँछन् ।

याम्दीको कुलमन्दिरमा ३५० घरधुरीले कुलपूजा गर्दै आएका छन् । यसपालि आफ्नो मनखुसीले नरिवल वा बली पूजा गर्न सक्नेछन् ।

पूजाका लागि उपसमिति गठन गरिएको बगाले थापा क्षत्री कुल पूजा सेवा कार्यसमिति उपाध्यक्ष थिरबहादुर थापाले बताए ।

पूजाअघि सोमबारदेखि मूलघरमा धाँमी र ब्राह्मण राखी कुलपूजा विधिअनुसार गरिने र नयाँ उत्पन्न हुने धामीलाई साँझपख नचाइने जानकारी सचिव धीरज थापाले दिए ।

पूजाको दिन बाजागाजा, भजन गाउँदै सम्पूर्ण थापा बन्धुवान्धबका पूजाका सामग्रीसहित महिलालाई क्षत्रीको पोशाकमा र पुरूषलाई सेतो दौरामा उपस्थित हुन आग्रह गरिएको प्रचारप्रसार संयोजक सञ्जय थापाले बताए ।


## अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं २९, सहयोगमार्ग, अनामनगर, काठमाडौं
फोन नं. : ९७७-०१-५७०५७७४
वेबसाइट: www.upperhewahpc.com.np
इमेल: upperhewahpc@gmail.com

### लक इन (Lock In) अवधि समाप्त हुनेबारेको सूचना

प्रकाशित मिति : २०८२/०२/२७

यस कम्पनीका संस्थापक शेयरधनी, स्थानीय बसिन्दा तथा कम्पनीका कर्मचारीहरु समेतलाई छुट्टयाइएको शेयर, कम्पनीको साधारण शेयर सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरी सर्वसाधारणमा बाँडफाँड गरिएको मितिले तीन वर्ष समाप्त नभएसम्म शेयर लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र उक्त शेयरको मिति २०८२/०३/३१ गते लक इन अवधि समाप्त हुने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी, सम्बन्धित नियामक निकायहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित छ ।

| लक-इनमा रहेको समूह | लक-इनमा रहेको शेयर संख्या |
|---|---|
| संस्थापक शेयरधनीहरु | ३०,००,००० |
| संस्थाका कर्मचारीहरु | ३०,००० |
| स्थानीय बासिन्दाहरु | ५,००,००० |
| कुल शेयर | ३५,००,००० |

**नोटः** कम्पनीको संचालक समितिका पदाधिकारीहरु तथा उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुले भने खरीद बिक्री गर्न पाइने छैन ।

दफा ६.६.७ सँग सम्बन्धित

## कृष्ण गण्डकी बचत तथा ऋण सहकारी संस्था लि.

बौदीकाली २ डेढगाउँ, नवलपरासी ब.सु.पू.

### भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०२।१६

यस संस्थाको ऋण नीति अनुसार संस्थाबाट विभिन्न मितिमा कर्जा लिनु भएका र संस्थासँग गरिएको सम्झौता अनुसार समयमा साँवा ब्याज लगायत सस्थामा बुझाउनु पर्ने रकम नबुझाउनु भएका पटकपटक फोन सम्पर्क गर्ने, भेट्ने साथै पत्राचार गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाउनु भएका कर्जा ग्राहीहरुका लागि यो ३५ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ यो सार्वजनिक सूचनाको समयभित्र आफ्नो संस्थामा बुझाउनु पर्ने रकम बुझाउनु हुन अनुरोध गरिन्छ, अन्यथा ऋणी, धितो जमानत दिने व्यक्ति र जमानीको फोटोसहित तीन पुस्ते विवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी लिलामी प्रक्रिया सुरु गरिने व्यहोरा सम्बन्धित सबैको जानाकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०१।१०
दोस्रो पटक प्रकाशित मिति २०८२।०२।२७

तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट व्यक्तिगत कर्जा शिर्षक अर्न्तगत ऋण लिनु भएकोमा उक्त कर्जाको समय-समयमा बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जना रकम नबुझाई उक्त कर्जाको भाखासमेत कटेको र कर्जाको साँवा तथा व्याज चुक्ता गर्न पटक-पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा र मिति २०८१।१०।०४ गते को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले यस संस्थाले निज ऋणीहरुसँग लिनुपर्ने सावा व्याज जरिवाना/हर्जना शुल्क र अन्य दै-दस्तुरसमेत असुल उपर गरी लिनको लागि सहकारी ऐन २०७४, प्रचलित सहकारी मापदण्ड, नीति नियम तथा यस संस्थाको विनियम समेतले दिइएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण बापत लेखिदिएको तपसीलमा उल्लेखित घरजग्गा जेजस्ता अवस्थामा छ सोही अवस्थामा निम्न मिति समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गरिने भएकोले सो लिलाम बिक्रीमा गोप्य शिलबन्दी गरी लिन इच्छुक महानुभावहरुलाई जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने साँवा ब्याज हर्जना दै-दस्तुरसमेत तिरी कर्जा चुक्ता गरी धितो फुकुवा गरी लान ऋणीहरुलाई यो अन्तिम अवसर दिइएको छ । धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनुपर्ने सम्पूर्ण साँवा, ब्याज हर्जाना, शुल्क तथा दै-दस्तुर आदि असुलउपर नभएमा ऋणी तथा जमानतकर्ताको नाममा रहेको जाय जेथा तथा घरानाबाट समेत असुल उपर गरिनेछ ।

| क्र.स | ऋणीको विवरण | धनजमानीको विवरण | |
|---|---|---|---|
| १. | नाम : पुलप्रसाद गुरुङ<br>नागरिकता नं. :४९५९१ कास्की<br>बाबुको नाम :खडक ब गुरुङ<br>बाजेको नाम :डम्बर सिं गुरुङ<br>स्थायी ठेगाना:कास्की-१,भाचोक<br>हालको ठेगाना:पोखरा १७,कास्की | धनजमानीको नाम : सन्ध्या गुरुङ<br>नागरिकता नं.: १०३३।२७५कास्की<br>पतिको नाम : पुलप्रसाद गुरुङ<br>ससुराको नाम : खडकबहादुर गुरुङ<br>स्थायी ठेगाना : कास्की-१, भाचोक<br>हालको ठेगाना :पोखरा १७, कास्की | धनजमानीको नाम : सुजन गुरुङ<br>नागरिकता नं.:१०३३।४९७ कास्की<br>बुबाको नाम : पुल प्रसाद गुरुङ<br>बाजेको नाम : खडक बहादुर गुरुङ<br>स्थायी ठेगाना : कास्की-१, भाचोक<br>हालको ठेगाना: पोखरा १७, कास्की |
| धितोको विवरण<br>पुल प्रसाद गुरुङको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला साबिक मनपाङ्ग वडा नं ०६, भई हाल म्याग्दे गा.पा वडा नं.०७, सिट नं. ६ङ्ग कित्ता नं ४३१, क्षेत्रफल ६५३.८१ ब.मि को जग्गा र सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सोको लिग लिगापातसमेत । | | | |

**धितो लिलाम सम्बन्धि शर्तहरू :**

१. पंचकृर्ते मुल्य सहितको बोलपत्र फारम यस सहकारीको कार्यालयबाट रु.१०००/(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिन्छ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सहकारीको कार्यालय न्यूरोडमा पेश गर्नुपर्ने छ ।
३. उक्त सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ ।
४. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजात हेर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस सहकारीको कर्जा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
५. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
६. आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम ग्लोबल आई.एम.ई बैंकमा रहेको यस संस्थाको खाता नं. १४०१०१००००५७६ मा रकम जम्मा गरी सक्कल भौचर वा मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको सटही हुने चेक शिलबन्दी बोलपत्रका साथ संलग्न गरी पेश पर्नु पर्नेछ ।
७. बोलपत्र गोप्य शिलबन्दी खोलिने मिति २०८२ असार ११ गते दिउँसो ३ बजे संस्थाको सभाहलमा खोलिने छ सो दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ ।
८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले धरौटी बाहेकको सम्पूर्ण रकम तोकिएको समयभित्र सहकारीमा बुझाई बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ । तोकिएको समयभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरोटी रकम स्वत: जफत हुनेछ ।
९. शिलबन्दी बोलपत्र सहकारीको कार्यालय न्युरोडमा उपस्थित सरकारी प्रतीनिधीहरु बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलीने छ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनीधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधीको अनुपस्थित रहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार सहकारीमा निहित रहने छ ।
११. बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलीपी र फर्म/कम्पनी,संस्था भएमा दर्ता प्रमाण पत्र र पान दर्ता पत्रको प्रतिलीपि बोलपत्र सगैं पेश गर्नुपर्नेछ ।
१२. उक्त लिलाममा राखेको सम्पत्ति नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर,अन्य कर तथा शुल्क, सम्पत्ति कर र धारा बिजुली शुल्क (बाँकी बक्यौता समेत) आदी सकार गर्ने व्यक्ति वा पाटी आफैँले तिर्नु पर्नेछ ।
१३. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
१४. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरि धरौटी रकम फिर्ता दिईनेछ । धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा व्याज प्रदान गरिने छैन ।
१५. लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा प्रचलीत ऐन,कानुनले दिएको अधिकार प्रयोग गरी यस सहकारी संस्था आफैले सकार गरी सोको स्वामित्व लिन सक्नेछ, वा पुन: लिलाम प्रक्रियामा जानसक्ने छ ।

**सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
पोखरा-९, संगममार्ग, कास्की । फोन न. ०६१-५७२२४०

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बैदामबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : सरल व्यावसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **पक्का किराना पसल** प्रोप्राइटरको नाम : पुनम कोइराला प्रा.फ.र.नं. : ९२१/०६८/०६९
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकाश समिति, शाखा कार्यालय, स्याङ्गजा
दर्ता मिति : २०६८/०६/०१
रजिष्टर्ड ठेगाना : स्याङ्गजा जिल्ला वालिङ न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६००२९२९९१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) टेक नारायण रेग्मीको छोरी छविलाल कोइरालाको बुहारी किशोर कोइरालाको पत्नी स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **पुनम कोइराला** (ना.प्र.नं. : ४२२०४१/३४५८० जारी मिति र जिल्ला : २०६५/०९/२४, स्याङ्गजा)
२) पिताम्बर कोइरालाको नाति छविलाल कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **किशोर कोइराला** (ना.प्र.नं. : ७२६२ जारी मिति र जिल्ला : २०५९/०३/१८, स्याङ्गजा)
३) छविलाल कोइरालाको नाति किशोर कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ न.पा. वडा नं. ८ बस्ने **आशिष कोइराला** (ना.प्र.नं. : ४२-०२-७६-०२०३५ जारी मिति र जिल्ला : २०७६/०४/०९, स्याङ्गजा)
४) कविराज बोगटीको नाति यम बहादुर बोगटीको छोरा स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **दिवश बोगटी** (ना.प्र.नं. : १८७३२ जारी मिति र जिल्ला : २०६१/१२/२६, स्याङ्गजा)

**२) कर्जा शीर्षक : सहुलियतपूर्ण आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **शिब शक्ति किराना पसल** प्रोप्राइटरको नाम : पुनम कोइराला प्रा.फ.र.नं. : १०१४/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्गजा दर्ता मिति : २०७८/०४/१२
रजिष्टर्ड ठेगाना : स्याङ्गजा जिल्ला वालिङ न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१६१४८०४०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) टेक नारायण रेग्मीको छोरी छविलाल कोइरालाको बुहारी किशोर कोइरालाको पत्नी स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **पुनम कोइराला** (ना.प्र.नं. : ४२२०४१/३४५८० जारी मिति र जिल्ला : २०६५/०९/२४, स्याङ्गजा)
२) पिताम्बर कोइरालाको नाति छविलाल कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **किशोर कोइराला** (ना.प्र.नं. : ७२६२ जारी मिति र जिल्ला : २०५९/०३/१८, स्याङ्गजा)
३) छविलाल कोइरालाको नाति किशोर कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ न.पा. वडा नं. ८ बस्ने **आशिष कोइराला** (ना.प्र.नं. : ४२-०२-७६-०२०३५ जारी मिति र जिल्ला : २०७६/०४/०९, स्याङ्गजा)

**३) कर्जा शीर्षक : मोर्टजेग कर्जा**

**ऋणीको विवरण**

टेक नारायण रेग्मीको छोरी छविलाल कोइरालाको बुहारी किशोर कोइरालाको पत्नी स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **पुनम कोइराला** (ना.प्र.नं. : ४२२०४१/३४५८० जारी मिति र जिल्ला : २०६५/०९/२४, स्याङ्गजा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पिताम्बर कोइरालाको नाति छविलाल कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **किशोर कोइराला** (ना.प्र.नं. : ७२६२ जारी मिति र जिल्ला : २०५९/०३/१८, स्याङ्गजा)
२) छविलाल कोइरालाको नाति किशोर कोइरालाको छोरा स्याङ्गजा जिल्ला वालिङ न.पा. वडा नं. ८ बस्ने **आशिष कोइराला** (ना.प्र.नं. : ४२-०२-७६-०२०३५ जारी मिति र जिल्ला : २०७६/०४/०९, स्याङ्गजा)
३) कविराज बोगटीको नाति यम बहादुर बोगटीको छोरा स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ हाल, वालिङ न.पा. वडा नं. ८ बस्ने **दिवश बोगटी** (ना.प्र.नं. : १८७३२ जारी मिति र जिल्ला : २०६१/१२/२६, स्याङ्गजा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०७/२८ को कारोकार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०१/३१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| पुनम कोइराला | स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ | ४ | ६११ | ०-७-३-२ |
| | | ४ | २१६९ | ०-४-१-० |
| किशोर कोइराला | स्याङ्गजा जिल्ला रामपुर वडा नं. ६ | ६ | १२०८ | ०-९-०-० |
| | स्याङ्गजा जिल्ला रामपुर वडा नं. १ | १ | १६८९ | ०-३-०-० |
| | | १ | १६२६ | १-०-०-० |
| | स्याङ्गजा जिल्ला वालिङ वडा नं. ४ | ४ | २०२८ | ०-३-०-२ |
| | | ४ | २०३१ | ०-३-२-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१० गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय बैदाम आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/११ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय बैदाममा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## POKHARA UNIVERSITY

**Project Cs4 All Cyber security**
Tel: 061-504046, Website: https://pu.edu.np

### Invitation For Sealed Quotation

Date of First Publication: 2082/2/27 (Jun 10, 2025)

Pokhara University, Central-Office, Pokhara-30, Kaski invites 15 days Sealed Quotation from all the interested and qualified national bidders in accordance with the prevailing rules and regulations of PPA and Pokhara University for the procurement of goods as specified in the table below:

| Name of Project | Cost of Seal Quotation Document | Seal Quotation Security Amount | Last Date and Time of Seal Quotation Purchase | Date, Time and Place of Seal Quotation Last submission and Opening |
|---|---|---|---|---|
| Project Cs4 All Cyber security<br>Office Equipment of Pokhara University at Pokhara-30, Khudi-Dhungepatan"<br>Invitation For Sealed Quotation No.: 01/2081-082 | NRs. 1,000 to be deposited on<br>Bank: Kamana Sewa Bikas Bank, Pokhara Branch<br>A/c Name: Pokhara University Central Office Dep<br>A/c No: 01213400024568000023 | NRs. 50,000.00<br>Bank: Kamana Sewa Bikas Bank, Pokhara Branch<br>A/c Name: Pokhara University Central Office Dep<br>A/c No: 01213400024568000023 | Ashad 10, 2082 (Jun 24th , 2025) before Office time. | Submission:<br>Ashad 11, 2082,(Jun 25,2025 )on or before 12:00 Noon<br>Seal quotation Opening Ashad 11, 2082,( Jun 25,2025) before 2:00 PM<br>Pokhara University, Central Office |

Registrar